# आर्थिक बर्ष २०७७/७८ को
# नीति,कार्यक्रम तथा बजेट

## चँखेली गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय पिप्लाङ्ग ,हुम्ला
## कर्णाली प्रदेश, नेपाल
## २०७७

गाँउसभाको बैठक

**मिति** २०७७ साल असार **१४** गते आइतबार

**प्रस्तुतकर्ता** गाँउपालिकाका उपाध्यक्ष श्री विमला कुमारी शाही ज्यू

# आर्थिक बर्ष २०७७/०७८ को बजेट बक्तव्य

चँखेली गाँउपालिका

पिप्लाङ्ग हुम्ला

२०७७

सम्मानित अध्यक्ष ज्यू ,

गाँउसभाका सदस्य ज्यूहरु,

उपस्थित महानुभावहरु,

चंखेलीबासी दाजुभाइ तथा दिदिबैनिहरु

**“चंखेली गाउँपालिकाको पहिचान: विकास समवृद्धि र शुसासन ”मुल नाराका साथ** यस चँखेली गाँउपालिकाकोगरिमामय गाउँसभामा चौथो पटक नीति तथा कार्यक्रम सहितका बजेट बक्तव्यगर्न पाउँदा आफुलाई भाग्यमानी महसु गरेको छु । यसअवसरमा स्थानिय तहको चुनाव सम्पन्न गराउन भुमिका खेल्नुहुने सम्बन्धित सबै पक्षहरु प्रति हार्दिक आभारव्यक्त गर्दछु ।साथै नेपालको विभिन्न चरणका लोकतान्त्रिक जन आन्दोलनमा आफ्नो जिवन अर्पण गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड- १९ ले लकडाउनका कारण यस चंखेली गाउँपालिकाले थुप्रै चुनौतीहरुको सामना गरेको महसुस गरेको छु । विपदको यो घडिमा आफ्नो ज्यानको बाजी थापी खटिनु भएका सम्पुर्ण जनप्रतिनिधि ज्यूहरु, समपुर्ण कर्मचारी ज्यूहरु, सुरक्षाकर्मि ज्यूहरुको साहसिक कार्यको उच्च सम्मान गर्दछु । कोभिड- १९ को कारण विश्वब्यापी महामारीका कारणले मानव जाति माथि शताब्दिकै सबैभन्दा ठुलो सङ्कट पैदा भएकोछ विश्वस्तरमा नै यस महामारी विरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त देखिएका छन् । यस महामारीबाट लाखौं मानिसहरुको ज्यान गईसकेकोछ । अरु लाखौं सङ्क्रमित छन् यस महामारीबाट सङ्क्रमित भई नेपाल बाहिर ज्यान गुमाउनु हुने नेपाली अन्य मित्रराष्टका नागरिकहरुका शोकाकुल परिवारजनप्रति गहिरो समबेदना ब्यक्त गर्दछु । उपचाररत सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । र कोभिड- १९ को महामारीबाट चंखेली गाउँपालिकामा हाल सम्म कुनै पनि मानवियक्षेती नभएको जानकारी गराउदै सम्रग चंखेली गाउँपालिकाका बासिलाई सजक रहन अनुरोध गर्दछु ।

चँखेली गाँउपालिकाले प्रस्तावित निति,कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मुलतः नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानिय तहको एकल तथा साझा अधिकार सुचि,आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानिय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, स्थानिय तहको आबधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानिय सरकार शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु,विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद

व्यवस्थापन,खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास,वालमैत्री स्थानिय शासन, वातावरणमैत्री स्थानिय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, स्थानिय तहको मध्यकालिन खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु, स्थानिय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन , गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती/टोल स्तरबाट छनौट गरिएका आयोजना/ कार्यक्रम, वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउ कार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय गाँउ सभामा आगामी आ.व.२०७७/**०७८**को निति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेको छु ।

प्राकृतिक सौन्दर्यता  सास्कृतिक विविधता मेहनती र परिश्रमी जनता र भौगोलिक विशिष्टता र सुन्दरता यस गाँउपालिका र समग्र हुम्लाकै सम्पतिको रुपमा रहेको छ ।कृषि तथा औषधिजन्य जडिबुटीहरु पर्यटन जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको चँखेली गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक सास्कृतिक आर्थिक विकास हुन सकेको छैन ।यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच दृढ संकल्प र सामुहिक ईच्छाशक्ति साथ यस चँखेली गाँउपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी चँखेली गाँउपालिकाका जनताहरुले हाम्रो काँधमा सुम्पिएका छन् ।त्यसैले विकसित र समृद्ध चँखेली गाँउपालिका निर्माण गर्न हामीलाई कुनै वाहानाले छेक्नु हुदैन ।

माननीय सभा अध्यक्ष ज्यू,सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,

बजेट तथा कार्यक्रमको उदेश्य मुख्य मुख्य नीतिहरु अब म संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**<u>बजेटको प्रमुख उदेश्य</u>**

आ.ब.२०७७/७८ को यस चँखेली गाँउपालिकाको योजनाको प्रमुख उदेश्य आर्थिक सामाजिक सास्कृतिक रुपान्तरण गर्दै पूर्वाधारहरुको विकास गरी यस गाँउपालिकालाई स्तरोन्नती गर्न योगदान पुर्याउनु रहेको छ ।
यसका लागि कृषि, पर्यटन, जडिबुटी र जलश्रोतको समुचित प्रयोग गरी सडक, शिक्षा, स्वास्थ्य,**महिला, बालबालिका तथा जेष्ठ नागरिक, वन, वातावरण तथा विपद व्यवस्थापन, न्यायिक सम्बन्धमा** र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गरिनेछ ।

**मुख्य नीतिहरु**

- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड १९ को रोकथाम नियन्त्रण र व्यबस्थापनको लागी यस गाउँपालिकाले उचित र प्रभावकारी तवरले सरोकारवाला निकायसंग समन्वय गरी अगाडी वढ्ने नीति लिएको छ ।

- कोभिड १९ को यस विषम परिस्थितिले सिर्जित आर्थिक , सामाजिक मनोवैज्ञानिक वा मानसिक विचलनलाई मध्यनजर गर्दै यस गाउँपालिकाले तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरि आर्थिक सामाजिक समृद्धिको लागी सरोकारवाला निकायसंग समन्वय र परामर्श गर्दै अगाडी बढ्ने नीति लिएको छ।
- चँखेली गाँउपालिकाको केन्द्रदेखि सबै वडाहरुलाई **समेटनेलिङ्करोड** निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईने छ ।साथै यस गाँउपालिका तथा समग्र हुम्ला जिल्लाको उत्तर र दक्षिण दुवै भागबाट सडक विस्तार/ निर्माण कार्यलाई जोड दिन पहल गरिने छ ।
- स्वच्छ सफा सिसा र पलास्टिक रहित चँखेली गाँउपालिका निर्माण गर्नको लागि खानेपानी सरसफाई र फोहरमैला व्यवस्थापनमा विशेष जोड दिइनेछ ।सुन्दर र समृद्ध गाँउपालिकाको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- पर्यटन उद्योगको उच्च संभावना भएको हुँदा पर्यटन पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ ।
- दिगो अर्थतन्त्रका लागि कृषि सुधार कार्यक्रमहरु संचालन गरी एक वडाएक उत्पादन नीतिलाई अनुसरण गरिनेछ ।पशुपालन र जडिबुटीजन्य उत्पादनका लागि प्राथमिकतामा राखिनेछ ।साथै जडिवुटी संकलनका लागि न्यायिक नियमन गरिनेछ ।
- चँखेली गाँउपालिका भित्र ठुला मझौला तथा लघु जलविद्युत आयोजना तथा लिकं रोडहरुको संभाव्यता गराई संघिय सरकार प्रान्त सरकार तथा अन्य विकास साझेदारहरुसंग निर्माणका लागि अनुरोध गरिनेछ ।
- समता समानता र सशक्तिकरणको नितिलाई अबलम्बन गर्दै बालमैत्री अपाङ्गमैत्री लैङगिक मैत्री तथा छुवाछुतमुक्त गाँउपालिका निर्माणका लागि पूर्वाधार विकास तथा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- आधुनिक संचार प्रविधिको विकास र विस्तारमा जोड दिइ प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ ।
- गाँउपालिकामा हुन सक्ने भोकमरी तथा खाद्य संकटलाई मध्यनजर गर्दै तात्कालिन तथा दिर्घकालिन राहत तथा खाद्य सुरक्षाका लागि नेपाल सरकार र दातृ निकायहरुसग अनुरोध गरिनेछ ।

  सभाध्यक्ष ज्यू,

  सभा सदस्य ज्यूहरु

  अव म चंखेली गाउँपालिकाको आ.व. ०७७०७८ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्दछु।

  मुलनारा**"चंखेली गाउँपालिकाको पहिचानः विकास समवृद्धि र शुसासन "**

**क्षेत्रगत नीति तथा कार्यक्रम**

## १.आर्थिक विकास

### कृषि तथा पशु सेवा :

चंखेली गाउँपालिकाको कृषिमा ब्यवसायीकरण गर्नका लागि लिईयको नारा "कृषि भुमिमा पानि , खाध्यान्न आत्मनिर्भतामा लगानि, अर्गानिक कृषि उत्पादन मार्फत कृषकको आम्दानि "भन्ने मुलनारालाई आत्मसाथगरि तल उल्लेखित नीति तथा कार्यक्रमहरु संचालनमा ल्याईने छन्।

- स्याउ प्रशोधन केन्द्रलाई बिशेश प्रथामिकतामा राखिने छ।
- ग्राफ्टिङ्ग ओखर विरुवा बितरण कार्यक्रम लाइ बिशेष प्रथामीकता दिइने छ,

- वडा नं ५ लाइ मौरी पालन तथा पशुपालन नमुना पकेट क्षेत्रको रुपमा विस्तार गरिने छ ।
- वडा नं १,३ र ६ लाइ स्याउ तथा ओखर र सिमि पकेट क्षेत्र को रुपमा बिस्तार गरीने छ,
- वडा नं २ र ४ लाइ बेमौसमी तरकारी तथा बर्षे फलफुल पकेट क्षेत्र छुट्याइने छ ,
- रैथाने(लोपउन्मुख बाली) चिनो,फापर,कागुनो,मार्से,आदि लाइ बिशेष प्रथामिकता दिइने छ,
- देउली बजार, पिप्लाङ्ग र मेल्छाम मा तरकारी तथा फलफुल संकलन तथा प्रशोधन केन्द्र स्थापना गरीने छ,
- औधोगिक तथा नगदे बालि  र पुष्प खेतिलाई विशेश प्रथामिकता दिईने छ ।
- सामुहिक खेति तथा सहकारि खेति प्रणालिलाई प्रोत्साहान गरिने छ, ,
- खेतियोग्य जमिनमा साना सिंचाईको व्यवस्था गर्न कार्यक्रम संचालन गरिने छ ।
- सबै वडाहरुमा क्रमश : कृषि सेवा केन्द्रको स्थापना गरि सम्पुर्ण कृषकहरुको लागिा कृषि प्राविधिकको पहुचलाई शुनिश्चिता प्रदान गरिने छ ।
- कृषकहरुलाई बालिनालिको लागि रिण उपलब्ध गराउन र बिमा गर्न विक्तिय संस्थाहरुसंग समवन्य गरि सहजिकरण गरिने छ ।
- कृषकहरुको तथ्याङक संकलन गरि परिचयपत्र वितरण कार्यक्रमलाई अघि बढाईने छ ।
- कृषि उत्पादनमा बढवा दिन बार्षिक रुपमा कृषि मेला प्रदशनि कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- महिला तथा दलित कृषक समुह लाई बिषेश प्रथामिकता दिईने छ ।
- माटो परिक्षण कार्यक्रम लाई प्रथामिकता दिईने छ ।
- कृषि सडकलाई प्रथामिकतामा राखिने छ ।
- उत्कृट कृषकहरुलाइ पुरस्कृत तथा भ्रमण को ब्यवथा गरिने छ ।
- चंखेलीगाउँपालिका भरि ब्याक्टेरीया विरुद्ध बर्षको एक पटक भ्याक्सीनेसन गरिनेछ ।

जस्तै :

१. खुरेत

२. रेविज

३. पि.पि.आर

- पशु आहाराको लागिप्रोटिनयुक्त घाँसको बिउ उपलब्धगरिनेछ ।
- मासु,दुध,अण्डा उत्पादनको लागिउन्नतजातका साँडे,राँगो,बोका,जुमा,कुखुरा ल्याईनेछ ।
- उत्कृष्ट कृषकलाई भ्रमणमा लिईनेछ ।

<u>उद्योग तथा वाणिज्य</u>

- स्थानिय जडिबुटी तथा कृषि उत्पादनमा आधारित साना तथा घरेलु उद्योगहरुको विकासलाई प्राथमिकता दिइनेछ ।
- स्थानिय उत्पादनमा आधारित सामानहरुको बजार सुनिश्चित गर्न पहल गरिनेछ ।साथै स्थानिय उत्पादन प्रयोगमा जोड दिइनेछ ।

<u>पर्यटन</u>

- गाँउपालिकाका सम्भाव्य पर्यटकिय स्थलहरुको पहिचान तथा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गरिनेछ ।
- चंखेली गाउपालिका अन्तरगत पर्ने पर्यटकिय क्षेत्रको पहिचान गरि प्रचार प्रसारमा जोड दिइनेछ ।
- यस गाउँपालिकामा हवाई मैदानको लागि संघिय सरकार सँग विशेष पहल लिईने छ।

**२. सामाजिक विकास**

**शिक्षा " हामी सवैको प्रण : सार्वजानिक शिक्षा प्रणालीको सबलिकरण "**

- बैकल्पिक प्रणालीबाट बिधार्थीको सिकाइ निर्देसिका कार्यान्वयन सम्वन्धमा आवश्यक व्यवस्था मिलाईने छ।।
- .बि.व्या.स.लाई व्यावस्थापन कार्यमा पुर्ण जिम्मेवार बनाइ प्रध्यापक हरुलाई लक्ष्य तोकी बिद्ययालयका सबै पक्षमन सुधारकालागी जिम्मेवार बनाइनेछ ।
- बि.व्या.स.र प्र.अ. ले बिद्दालयको आय.व्याय बिद्दार्थीको गुणस्तर, भौतिक अवस्था र आवस्यकताको पारदर्शीक अविभावक समक्ष अनिवार्य रुपले वार्षिक २ पटक प्रस्तुतीको ब्यावस्था मिलाइने छ।
- गुणस्तरमा सहक्रियाकलाप लाई अनिवार्य गरि सो मुल्याङकन पालिका स्तरमा कम्तीमा २ पटक गर्ने ब्यवस्था मिलाईनेछ ।
- बिद्यार्थीको निरन्तर मुल्याङकन गरी विद्यार्थी, शिक्षक र अभिभावको त्रिपक्षीय सम्बन्धलाई थप प्रभावकारी बनाइने छ ।
- बिद्यालयमा पुस्तकालय र प्रयोगशाला व्यावस्थापनमा जोड दिइने छ।
- बालविकास सकजकर्ता सामुदाईक सिकाइकेन्द्र का अध्यक्ष परिचालक तथा बिद्दालयका प्र.अ. र शिक्षकको शिक्षकको बिकाशका लागी प्रबिधि मैत्रि तालीमको आवश्यक व्यावस्था गरिने छ ।।
- शिक्षकहरुलाइ पाठयत्रम निर्माण पाठयत्रम र पा.पु. को संम्वन्ध पाठयत्रम कार्यान्वयन योजना बिद्दार्थी उपलब्धी को मुल्याङकन आदी बिषयमा तालीम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- गाँउपालीका भित्रका बिद्यालहरुमा कार्यारत शिक्षकहरुको बिषयगत समिती बनाइ समय समयमा गोष्ठी, छलफल, कार्यसाला आदि आयोजना गरि अनुभब आदान प्रदान गर्ने ब्याबस्था मिलाईनेछ ।।
- सामुदायिक सिकाई केन्द्रलाई (clc)ब्यावस्थापन तालीम सञ्चालन गरि ब्यावस्थापकीय पक्षमा सक्षम बनाउनको लागी आवश्यक व्यवस्था मिलाईने छ ।।
- बिद्यालयलाई पुर्ण शान्तीक्षेत्र बनाउन सरोकारवाला निकायहरुसंग आवस्यक समन्वय गरिनेछ ।
- चंखेली गाउँपालिका भित्रका विद्यालयहरुमा अंग्रजी माध्यमवाट पठनपाठन गर्नको लागी यसै आ.व. वाट आवश्यक पहल गरिनेछ ।
- बाल स्वास्थ्य र सुरक्षाका लागी कम्तीमा बर्षमा २ पटक स्वास्थ्य परिक्षण गर्ने आवश्यक ब्यवस्था गरिनेछ ।
- शिक्षक तथा बिद्यार्थी पोशाक एवंम आचार संहिताको पालना अनिवार्य गराईनेछ ।
- यस आ.व. बाट नमुना विद्यालय छनोट गरि संचालनमा ल्याइनेछ ।

**युवा तथा खेलकुद :**

**कोभिड १९ ले सिर्जित वढ्दो वेरोजगार युवा लक्षित सीपमूलक तालिमका साथै व्यवसायमूलक कार्यक्रम संचालनको लागी आव्यश्यक समन्वय र सहजिकरणको लागी आवश्यक व्यवस्था मिलाईने छ ।**

**दलित लक्षित कार्यक्रम :**

- **सिपमूलक तालिम प्रदान गर्नुका साथै उपयुक्त सिपलाई व्यवसायीक बनाउन आवश्यक स्रोत तथा सामाग्रीहरु उपलब्ध गराईने छ ।**
- **दलितसम्बन्धीत कार्यक्रमहरु संचालनका लागी दलित उत्थान समिती गठन तथा व्यवस्थापन गरिने छ ।**
- **जेहेन्दार दलित विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागी आवश्यक वातावरण मिलाईने छ ।**
- **दलित महिला सशक्तिकरणका लागी आवश्यक कार्यक्रमहरु संचालनमा ल्याईने छन ।**

**स्वास्थ्य :**

- विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड १९ को रोगथाम नियन्त्रण र व्यबस्थापन प्रभावकारी रुपले गरिने छ ।
- चंखेली गाउँपालिकाभित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई विस्तार गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।
- चंखेली गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा (प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवा)सेवा केन्द्र स्तर देखिनै व्यवस्थापन गरिनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको व्यवस्था गरिनेछ ।
- चंखेली गाउँपालिकामा हरेक नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।

- . न्यूनतम सेवा मापदण्ड  तथा राष्ट्रिय चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय रुपमा प्रवाह गरिनेछ ।
- . सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपभोग बृद्धि गरिनेछ ।
- किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गरीनेछ । विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिट १९ को रोगथाम निर्यत्रन्ण र व्यबस्थापन प्रभावकारी रुपले गरिने छ ।
- .स्वास्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकुल वातावरण सुनिश्चित गरिनेछ ।

- चंखेली गाउँपालिका बासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ ।
- स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार गरिनेछ ।
- विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण एवं प्रतिकार्यको लागि बहुपक्षीय सहकार्य गरिनेछ ।
- स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय र सहकार्यमा जोड दिइने छ ।
- बिभिन्न कार्यस्थलहरुमा काम गर्ने कामदारहरुको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य सेवाको पहुँच र उपयोगमा बृद्धि गर्न सार्वजनिक, सामुदायिक तथा आवश्यकता अनुसार निजि क्षेत्रसँग साझेदारी गरिनेछ ।
- अध्ययन तथा अनुसन्धानलाई प्रबर्धन गर्दै निश्कर्षको आधारमा स्वास्थ्य कार्यक्रम तथा रणनीति निर्माण गरी लागू गरिनेछ ।
- . तथ्यमा आधारित योजना बनाउन र स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न एकिकृत स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढ र प्रविधिमैत्री बनाईनेछ ।
- . स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवं परिणाममूखी बनाईने छ ।

## श्रम तथा रोजगार सम्बन्धी निति

- नेपालको संविधानको धारा३३ (रोजगारको हक ) र रोजगारीको हक सम्वन्धी ऐन, २०७५ कार्यान्वयनमा ल्याइयस चंखेली गाँउपालिकामा बसोबास गर्ने नागरिकको लागि रोजगारीको प्रत्याभूति मार्फत जिवनस्तरमा सुधारल्याइने छ ।
- गत आ.व र चालु आ.बको अनुभबका आधारमा आगामी आ.व २०७७।७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना र मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत यस गा.पा भित्रका सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा संलग्न गराउन निम्न आयोजनाहरु संचालनमा ल्याइने छ।

**महिला, बालबालिका तथा जेष्ठ नागरिक**

चंखेली गाउँपालिकामा भएका महिला, बालबालिका तथा जेष्ठ नागरिकाहरुको विकास, सामाजिक सुरक्षा र सम्मान गर्नका लागि तल उल्लेखित नीति तथा कार्यक्रमहरु संचालनमा ल्याईने छन् ।

- महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको विकास, सुरक्षा र सम्मानका लागि विभिन्न खालका प्रभावकारी कार्यक्रमहरु संचालनमा ल्याईने छ ।
- छाउपडि प्रथा र पालिकामा भएका अन्य कुप्रथाहरु न्युनिकरण गर्नका लागि जनचेतनामुलक कार्यक्रमहरु गरिने छ । यसका लागि विशेष गरि सडक नाटक, घरदैलो कार्यक्रम, ब्यानर पम्प्लेट टाँस्ने तथा आवश्यक परामर्श जस्ता कार्यक्रमहरु गरिने छ ।

- महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको वास्तविक तथ्यांक संकलन गरि आवश्यकता र प्रकृति अनुसारको कार्यक्रमहरु संचालन गरिने छन् । जस्तैः प्रौढ शिक्षा, जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण, कृषिमा व्यवसायिकरण, सिपमुलक तालिम, सरसफाई कार्यक्रम, महिला हिंसा न्युनिकरण आदि ।
- आमा समुह सक्रियताका लागि आवश्यकता अनुसार पुर्न गठन गरि विभिन्न खालका कार्यक्रम संचालनमा ल्याउनका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- किशोरी समुह गठन गरि महिला तथा बालबालिका सम्बन्धि कार्यक्रम (जस्तै बाल विवाह न्युनिकरण) संचालनमा ल्याउन महिला, बालबालिका तथा जेष्ठ नागरिक कार्यलयसँग आवश्यक समन्व गर्ने व्यवस्था मिलाईने छ ।

**खानेपानी तथा सरसफाईः**

- गाँउपालिकामा खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ।
- खानेपानी महसुल निर्धारण, सेवाव्यवस्थापन, आवस्यक्तालाई पुरा गर्न पुनःश्रोतको नकसाङ्कन गरी नभएको ठाँउमा पहिलो प्राथमिक्ता र निर्माणधिन योजनालाई पुरा गरिनेछ।
- सञ्चालनमा आएका योजनाहरुलाई अवस्था अनुसार मर्मत संभार संरक्षण गरी खानेपानी १ घर १ धारा गाँपालिकाले प्रदेश र संघीय सरकार संग समन्वय गरी दीर्घकालिन लक्ष्यसहित उपभोक्ताको अपनत्व कायम हुने गरी खानेपानी योजना निर्माण, मर्मत, संभार, विस्तार **गर्ने आ.व.०७६।०७७ मा लिएको नीतिलाई निरन्तरता दिईनेछ ।**
- **चैथला वृहत खानेपानीको यसै आ.व.मा खरिद कार्य गरि पूर्ण निर्माणका लागी संघिय सरकार समक्ष पहल गरिनेछ ।**

सस्कृति प्रवर्द्धन

- भाषा साहित्य कला र सस्कृति संरक्षण र सम्बर्द्धनमा विशेष ध्यान दिइनेछ ।यससँग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाँउपालिकामा रहेका गुम्बा मठ मन्दिरहरुको पहिचान संरक्षण एंव सम्बर्द्धनका लागि जोड दिइनेछ ।
- **यस चंखेली गाउपालिका भित्र रहेको मठमन्दिर तथा सांस्कृतिक सम्पदाको गुरुयोजना तयार पार्ने कार्य यसै आ.व. बाट सुरु गरिनेछ ।**

लैङ्गिक समानता एंव समाजिक समावेशीकरण

- महिला बालबालिका दलित तथा उत्पिडित जनजाती विपन्न सिमान्तकृत अपाङ्ग एंव पछाडी परेका बर्गलाई लक्षित कार्यक्रमहरु उनिहरुबाटै संचालन गर्न उत्प्रेरित गरिनेछ ।राष्ट्रिय मुलप्रवाहीकरणको नीति अवलम्बन गरिनेछ ।

## ३.पूर्वाधार विकास

सडक तथा पुल

- चँखेली गाँउपालिकाको केन्द्रदेखि सबै वडाहरुसम्म मोटरबाटो निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडी बढाइने छ ।साथै यस गाँउपालिका तथा समग्र हुम्ला जिल्लाको उत्तर र दक्षिण दुवै भागबाट सडक विस्तार/ निर्माण कार्यलाई जोड दिन पहल गरिने छ ।
- पोरी गाउँ झोलुङगे पुल निर्माणकार्य यसै आ.व मा सकिनेछ।
- गाँउपालिका भित्र आवश्यक ठाँउहरुमा साना पक्की पुल तथा झोलुङगे पुल निर्माणमा विशेष ध्यान दिइनेछ । साथै ठुला तथा मोटरे पक्की पुल निर्माणका लागि सम्बन्धित निकायहरुसँग पहल गरिनेछ ।
- गोडेटो र घोडेटो बाटो निर्माण विस्तार तथा सुधारमा ध्यान दिइनेछ ।

सिचाई

- परम्परागत तथा आधुनिक सिंचाई योजनाहरुलाई विशेष प्राथमिकतामा राखिनेछ र गाँउपालिका भित्रका सबै कृषि जमिनहरुमा सिंचाई हुने व्यवस्था मिलाईनेछ ।

भवन तथा सहरी विकास

- यस गाउपालिका बिभिन्न ठाउँहरुमा बस्ती विकास, शहरी योजना मार्ग दर्शन तयारीको सुरुवात गरिनेछ।
- हुम्ला जिल्ला पनि भुकम्पीय जोखिममा रहेको हुँदा चंखेली गाउँपालिकामा भवन निर्माण संहिता जनचेतना कार्यक्रम संचालन गरिनेछ।
- वडा कार्यालयहरु स्वास्थ्य चौकीहरु विद्यालयहरुका भवन निर्माण गराउन आवश्यकता अनुसार उच्च प्राथमिकता दिइनेछ ।
- संभाव्य स्थानमा एकिकृत बस्ती विकासको कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- भवन निर्माण तथा सहरी विकास मापदण्डलाई कार्यान्वयनमा ल्याइनेछ ।

उर्जा लघु तथा साना जलविद्युत वैकल्पिक उर्जा समेत

- गाँउपालिकाभित्र वैकल्पिक उर्जा प्रयोगमा जोड दिइनेछ ।
- लघु जलविद्युत योजनाहरुको लागि विभिन्न सरोकारवालाहरुसँग साझेदारीमा जोड दिइनेछ ।साथै ठुला तथा मझौला जलविद्युत आयोजनाहरु निर्माणका लागि पहल गरिनेछ ।
- खापर खोला लघु जलबिद्युत तथा खारखोला लघु जलबिद्युत निर्माणको लागी आ.व. ०७६।७७ मा वोलपत्र आह्वान भई स्विकृत समेत भईसकेको हुँदा उक्त आयोजनाहरुमार्फत चंखेली गाउँपालकामा बत्ति संचालनमा ल्याईनेछ साथै घट्टेखोला लघुजलविद्युत आयोजनालाई संचालनमा ल्याईनेछ।

**४. वनतथा वातावरण**

- यस गाउँपालिका भित्र रहेका सरकारी एवं सामूदायिक वनहरुको संरक्षण, प्रवर्द्धन र उपभोगलाई व्यवस्थित गरिनेछ ।
- वन, वातावरण तथा पर्यटन संरक्षणको लागि समय समयमा जनचतेना मुलक कार्यक्रम, अन्तरक्रिया तथा अन्य सम्बन्धित कार्यक्रमहरु संचालन गरिने छ ।
- जडिबुटिलाई संरक्षण संकलन र प्रशोधन व्यवस्थापनको लागी आवश्यक पहल  गरिने छ ।

  वन संरक्षणको लागि वन काट्ने उपकरणलई आवश्यक दायरामा ल्याई संचालन गराउन दिईने छ ।

- **वृक्षारोपण**

  नेपाल सरकारको वृक्षारोपण कार्यक्रम अनुरुप पालिकाको प्रत्येक वडामा वृक्षारोपण गरिने छ ।

  बाढि पहिरो प्रभावित क्षेत्र पहिचान गरि उक्त क्षेत्रमा वृक्षारोपण गरिने छ ।

  चंखेलि गाउँपालिकाका प्रत्येक वडामा नर्सरी खोल्न संघ र प्रदेशमा पहल गरिने छ ।

  **पर्यटन**

- यस चंखेली गाउँपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा भौतिक स्थलहरुको पहिचान र प्रचारप्रसारहरुको लागी सरोकारवाला संग समन्वय गरिनेछ ।
- यसै आ.व. भित्र वृहत पर्यटन गुरुयोजना तयार गरिनेछ ।

**<u>भूसंरक्षण जलाधार संरक्षण वातावरण संरक्षण तथा जलवायू परिवर्तन</u>**

- दुर्लभ पशुपंक्षि एंव वन्यजन्तुको समुदायमा आधारित संरक्षण प्रणाली अबलम्बन गरिनेछ ।
- जलवायू परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- हरियो चँखेली गाँउपालिका भन्ने अवधारणा लागु गर्न विशेष जोड दिइनेछ ।
- पानीका मुहान तथा कुलकुलेसाहरु संरक्षण तथा व्यवस्थित गरिनेछ ।कटान भएका क्षेत्र संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिता दिइनेछ

**<u>विपद व्यवस्थापन</u>**

- विपदबाट प्रभावतिहुन सक्ने क्षेत्रहरुको पहिचान गरि विपत प्रतिकार्य को लागी आवश्यक व्यवस्था मिलाईने छ ।
- गाँउपालिकामा एक प्रकोप व्यवस्थापन कोष निर्माण गरिनेछ । साथै विपद व्यवस्थापन सम्बन्धि विभिन्न निकायहरुसँग उचित समन्वय गरिनेछ ।

**५.संस्थागत विकास तथा सेवा प्रवाह**

<u>मानव संसाधन तथा संस्थागत क्षमता विकास</u>

- गाँउपालिकाको समग्र विकासका लागि विभिन्न तालिम गोष्ठी भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ ।
- स्थानिय सीप श्रोत साधन र क्षमताको अधिकतमा उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग साझेदारीमा विशेष जोड दिइनेछ ।

संस्थागत पूर्वाधार नागरिक वडापत्र

- गाँउपालिकाभित्र अपाङ्ग असहाय वालमैत्री र लैङ्गिकमैत्री पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गरिनेछ ।साथै तिनिहरुको लागि सेवाप्रवाहमा विशेष सहुलियत दिइनेछ ।
- गुनासो तथा उजुरी पेटीकाको व्यवस्था गरिने छ ।

सेवा प्रवाहका मापदण्ड निर्धारण

- न्युनतम शर्त तथा कार्यसम्पादन मुल्याङकननिर्देशिकाको पालना गरिनेछ ।
- विकासका कार्यक्रमहरुमा सार्वजनिक निजी साझेदारीको नीति अबलम्बन गरिनेछ ।

सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग

- सेवा प्रवाहका सम्पूर्ण कार्यहरु कम्प्यूटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ ।
- सेवा प्रदायक र सेवाग्राहीहरु प्रविधिमैत्री बनाउन विभिन्न तालिम तथा संचारका कार्यक्रमहरु संचालन गरिनेछ ।

**वित्तिय व्यवस्थापन र सुशासन**

राजस्व परिचालन वित्तिय अनुशासन र वित्तिय जोखिम न्युनिकरण

- संचित कोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बन्धीत व्यक्ती तथा संस्थाको बैङ्क खाता मार्फत मात्रै गरिनेछ ।
- आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ ।
- विभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजस्व संकलन गरिनेछ ।

लेखाङ्कन आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक सुनुवाई सामाजिक परिक्षण अन्तिम लेखा परिक्षण तथा वेरुजु फछ्र्यौट

- गाँउपालिकाको आर्थिक कारोबारहरुको प्रचलित कानुनअनुसार चुस्त दुरुस्त लेखाङ्कन गरिने छ।र नियमानुसार आ.ले.प र म.ले.प गरी वार्षिक क्रियाकलापहरु तथा आय व्यायको विवरण आर्थिक मसान्त सकिदा वित्तिकै यथासिघ्र सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाईने छ ।
- बेरुजु र बेरुजु फछ्र्यौटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ ।

**न्यायिक :**

- न्यायिक समितिले बनाएको कार्यविधि अनुसार कामहरु सम्पदान गरिने छन् ।
- न्यायमा एकरुपता तथा पारदर्शिता कायम राखि कानुनको शासन तथा न्याय प्रतिको जनविश्वास कायम राखिने छ ।

➢ न्यायिक समितिले आफु समक्ष दर्ता भएको विवादमा प्रतिवादि उपस्थिति भएको मितिले ३ महिना भित्र मेलमिलापको माध्यमबाट टुङ्गो लगाई सक्ने छ ।

➢ न्यायिक समितिमा दर्ता भएका विवाद तथा मुद्दाहरुको अभिलेख राखि गरिएका कामहरुको वार्षिक विवरण सभामा पेश गरिने छ ।

➢ मेलमिलाप तथा मुद्दा निरुपण गर्नका लागि आवश्यकता अनुसारको विशेषज्ञ व्यवस्थापन गरिने छ ।

**सरकारी तथा गैर सरकारी संस्थाहरु**

अब म यस गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सदैब सहयोग गरि संचालन भएका गैर सरकारी संस्थाहरुसँग साझेदारीमा विविध कार्याक्रमहरु संचालनमा ल्याईनेछ ।

१. स्नोल्याण्ड एकिकृत विकास केन्द्र

२. किर्डाक नेपाल

३. सहभागी संस्था

४ .हिमाली शिक्षा र विकास,हुम्ला

आ.व.२०७७/७८

**राजस्व अनुमान :**

**सभा** अध्यक्ष ज्यू तथा सदस्य ज्यूहरु,

अब म आ.व.२०७७/७८ को प्रस्तावित बजेट अनुमान प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आ.व.२०७७/७८ को लागि चँखेली गाँउपालिकाको कुल प्रस्तावित बजेट रु २८,५२,०६,४००। लागि रु २८ करोड ५२ लाख ६ हजार ४ सय .रुपैया हुन आएको छ ।

| श्रोत | रकम रु |
|---|---|
| नेपाल सरकारबाट अनुदान | १९,२१,००,०००। |
| आन्तरिक राजस्व अनुमान | १९,७०,०००। |
| प्रदेश सरकारवाट अनुदान | ३,२१,५५,०००। |
| राजस्व वाँडफाँड प्राप्ति नेपाल सारकार | ५,८९,८१,४००। |
| **जम्मा** | २८,५२,०६,४००। |

आ.व.२०७७/७८ **व्यय अनुमान :**

यसैगरी आ.व **२०७७/७८ का लागी** चंखेली् गाउँपालिका लागि रु २८ करोड ५२ लाख ६ हजार ४ सय .रुपैया विनियोजन गरिएको छ । कुल विनियोजन मध्ये चालु तर्फ रु १८ करोड ६७ लाख ४५ हजार ४ सय मात्र  र पुजिगत तर्फ रु ९ करोड ८४ लाख ४१ हजार विनियोजन गरेको छु, भने चंखेली गाउँपालिका भित्र कार्यक्रमहरु संचालन गर्नका लागी सहभागी संस्थाद्धारा रु ४९ लाख ८१ हजार ९ सय २४ रुपैया बराबरको र स्नोल्याण्ड एकिकृत विकास केन्द्रले रु ३१ लाख को कार्यक्रम पेश भएको छ ।
नेपाल सरकार द्धारा शसर्त अनुदान बाट प्राप्त रु १० करोड ३७ लाख सहित चालु तर्फ राखिएको हुनाले कुल बजेटमा चालु खर्चको अंश बढि देखिएको छ । अब म बिषयगत क्षेत्र तथा अन्य क्षेत्रगत विकास तर्फ विनियोजित बजेट पेश गर्न चाहान्छु ।

उल्लिखित खर्चलाइ कार्यक्षेत्रगत रुपमा तपसिल बमोजिम वर्गिकरण गरेको छु,
०१) सामाजिक विकास  ९ करोड ३४ लाख ४९ हजार मात्र
०२) आर्थिक विकास    १ करोड ३७ लाख मात्र
०३) पुर्वाधार विकास    १० करोड २९ लाख ४१ हजार मात्र
०४) संस्थागत विकास, सेवा प्रवाह र सुशासन  ७ करोड ४६ लाख १६ हजार ४ सय मात्र
०५) वातावरण तथा विपद ५ लाख मात्र ।

हाल विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस तथा अन्य कारणले संघिय सरकारले अनुमान गरि पठाएको राजश्व वाडफाँडको रकम कम आएकाले यस आ.व.मा रु १ करोड ७९ लाख ६५ हजार घाटा बजेट समेत पेश गरेको छु ।
अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू वडाध्यक्ष ज्यूहरु लगायत वडासमितीहरु राजस्व र बजेट सम्बन्धीका विभिन्न समितीहरु बुद्धिजिविज्यूहरु विभिन्न राजनैतिक दलका साथीहरु नागरिक समाज पत्रकार प्रमुख प्रशासकिय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी  सम्पूर्ण चँखेली गाँउपालिका वासी जनता र देश विदेशमा रहनुहुने दाजुभाईहरु तथा दिदिबैनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस चँखेली गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने चँखेली गाँउपालिकाकाका नागरिक कर प्रदायकहरु चँखेली गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

समस्याहरु धेरै आउन सक्छन सबै समस्याहरु एकैपटक समाधान  गर्नपनि नसकिएला तर बर्तमान बस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको समाधान गर्न हामी चँखेली वासी कटिबद्ध प्रतिवद्ध र एकताबद्ध भयौं भने अबश्यपनि चँखेली गाँउपालिकाको उज्ज्वल भविष्य निर्माण गर्न सकिन्छ । आशावादी बनौं ।

धन्यवाद ।